नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं

पत्र संख्या: २०७५।७६ मिति: २०७५।१।८

चलानी नं. ६०९

**विषय: अभिमुखीकरण कार्यक्रममा सहभागी हुने सम्बन्धमा ।**

श्री जिल्ला समन्वय समितिको कार्यालय, ताप्लेजुङ, धनकुटा, महोत्तरी, काभ्रेपलाञ्चोक, रसुवा, लमजुङ, स्याङ्जा, म्याग्दी, बाँके, दैलेख, डडेल्धुरा र दार्चुला ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको पत्र संख्या २०७५।०७६ च.नं. ७१ मिति ०७६।१।८ को आवश्यक समन्वय गर्ने सम्बन्धमा प्राप्त पत्र यसैसाथ संलग्न छ । उक्त पत्रबाट व्यहोरा अवगत गर्नुभई अभिमुखीकरण कार्यक्रममा सहभागी हुनुहुन आदेशानुसार अनुरोध छ ।

केशवराज पाधै
शाखा अधिकृत

**बोधार्थ:**

श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

श्री सूचना प्रविधि शाखा: यस पत्रलाई मन्त्रालयको web site मा upload गरिदिनुहुन अनुरोध छ ।

नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

## प्रशासन, सहकारी तथा गरिबी निवारण महाशाखा

(गरिब पहिचान तथा मापदण्ड शाखा)

पत्र संख्या : ०७५/७६
च.नं. ६१

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिंहदरबार, काठमाडौं

मिति २०७६।०१।०६

विषय : आवश्यक समन्वय गर्ने सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

प्रस्तुत विषयमा यस आ.व. मा गरिब घरपरिवार पहिचान गर्नका लागि छनौट भएका ताप्लेजुङ, धनकुटा, महोत्तरी, काभ्रेपलाञ्चोक, रसुवा, लमजुङ्ग, स्याङ्जा, म्याग्दी, बाँके, दैलेख, डडेल्धुरा र दार्चुला गरी १२ जिल्लाका जिल्ला समन्वय अधिकारी र गरिबसँग विशेश्वर कार्यक्रमका प्रतिनिधि (फोकल पर्सन) १ जना गरी प्रत्येक जिल्लाबाट २ जनालाई मिति २०७६।०१।११ गते बुधबार विहान ११ बजे यस मन्त्रालयको सभाहलमा सञ्चालन हुने एक दिने अभिमुखीकरण कार्यक्रमका लागि कर्मचारीहरु सहभागी हुने व्यवस्थाका लागि आवश्यक पत्राचार तथा समन्वय गरिदिनु हुन मिति २०७६।१।६ को नेपाल सरकार (सचिवस्तर) को निर्णयानुसार अनुरोध छ।

*पुनश्च : सहभागीले सहभागी हुन आउँदा प्रयोग गर्ने सवारी साधनको इन्धन तथा चालकको खर्चको व्यवस्था नरहेको साथै सहभागीले उल्लेखित कार्यक्रम सम्पन्न भएपछि आफ्नो कार्यस्थलमा फर्कदा हवाईजहाज प्रयोग गर्नुपर्ने भए सोको टिकट समेत लिई आउनु हुन समेत सूचित गरिदिनु हुन अनुरोध छ ।*

<u>सम्पर्कको लागि</u>
नाम : लेखनाथ भट्टराई
सम्पर्क नं. : ९८५११६४२३९
इमेल : bhattarailn@gmail.com

(झविन्द्र प्रसाद पाण्डेय)
उपसचिव (तथ्याङ्क)